United Nations
Educational, Scientific and
Cultural Organization

# CONVENTION FOR THE SAFEGUARDING OF THE INTANGIBLE CULTURAL HERITAGE 2003

# अमूर्त साँस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि २००३

Full text of the Convention in English and Nepali

महासन्धिको सम्पूर्ण पाठ अंग्रेजी र नेपाली भाषामा

Document Code: KAT/2009/PI/H4

Original Text : English
मौलिक पाठ : अङ्ग्रेजी

Translated for UNESCO Office in Kathmandu by Notary Public Mr. Ram Prasad Bhattarai (Notary Public License No.12)

काठमाडौंस्थित युनेस्को अफिसको लागि नोटरी पब्लिक श्री राम प्रसाद भट्टराईद्वारा अनुवाद गरिएको (नोटरी पब्लिकको प्रमाणपत्र संख्या १२)

United Nations
Educational, Scientific and
Cultural Organization

# CONVENTION FOR THE SAFEGUARDING OF THE INTANGIBLE CULTURAL HERITAGE 2003

# अमूर्त साँस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि २००३

Full text of the Convention in English and Nepali

महासन्धिको सम्पूर्ण पाठ अंग्रेजी र नेपाली भाषामा

## Contents | Page


| | | |
|---|---|---|
| Preamble | | 2 |
| I. | General provisions | 6 |
| II. | Organs of the Convention | 10 |
| III. | Safeguarding of the intangible cultural heritage at the national level | 18 |
| IV. | Safeguarding of the intangible cultural heritage at the international level | 24 |
| V. | International cooperation and assistance | 28 |
| VI. | Intangible Cultural Heritage Fund | 34 |
| VII. | Reports | 40 |
| VIII. | Transitional clause | 42 |
| IX. | Final clauses | 44 |


## विषयसूची | पृष्ठ


| | | |
|---|---|---|
| प्रस्तावना | | ३ |
| १. | सामान्य व्यवस्थाहरू | ७ |
| २. | महासन्धिका अङ्गहरू | ११ |
| ३. | राष्ट्रियस्तरमा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण | १९ |
| ४. | अन्तर्राष्ट्रियस्तरमा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण | २५ |
| ५. | अन्तर्राष्ट्रिय सहयोग तथा सहायता | २९ |
| ६. | अमूर्त साँस्कृतिक सम्पदा कोष | ३५ |
| ७. | प्रतिवेदनहरू | ४१ |
| ८. | संक्रमणकालीन व्यवस्था | ४३ |
| ९. | अन्तिम व्यवस्थाहरू | ४५ |

# CONVENTION FOR THE SAFEGUARDING OF THE INTANGIBLE CULTURAL HERITAGE
Paris, 17 October 2003

The General Conference of the United Nations Educational, Scientific and Cultural Organization hereinafter referred to as UNESCO, meeting in Paris, from 29 September to 17 October 2003, at its 32nd session,

*Referring to* existing international human rights instruments, in particular to the Universal Declaration on Human Rights of 1948, the International Covenant on Economic, Social and Cultural Rights of 1966, and the International Covenant on Civil and Political Rights of 1966,

*Considering* the importance of the intangible cultural heritage as a mainspring of cultural diversity and a guarantee of sustainable development, as underscored in the UNESCO Recommendation on the Safeguarding of Traditional Culture and Folklore of 1989, in the UNESCO Universal Declaration on Cultural Diversity of 2001, and in the Istanbul Declaration of 2002 adopted by the Third Round Table of Ministers of Culture,

*Considering* the deep-seated interdependence between the intangible cultural heritage and the tangible cultural and natural heritage,

*Recognizing* that the processes of globalization and social transformation, alongside the conditions they create for renewed dialogue among communities, also give rise, as does the phenomenon of intolerance, to grave threats of deterioration, disappearance and destruction of the intangible cultural heritage, in particular owing to a lack of resources for safeguarding such heritage,

*Being aware* of the universal will and the common concern to safeguard the intangible cultural heritage of humanity,

*Recognizing* that communities, in particular indigenous communities, groups and, in some cases, individuals, play an important role in the production,



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# अमूर्त साँस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि

## पेरिस, १७ अक्टुबर २००३

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन यसपछि युनेस्को भनिएको, २९ सेप्टेम्बर देखि १७ अक्टोबर २००३ सम्म पेरिसमा सम्पन्न ३२ औं साधारणसभाले,

प्रचलित अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरू, खासगरी मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा, १९४८, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६, र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ *को सन्दर्भमा,*

१९८९ को परम्परागत संस्कृति तथा लोकवार्ताहरूको संरक्षणसम्बन्धी युनेस्कोको सिफारिश, २००१ को साँस्कृतिक विविधतासम्बन्धी युनेस्को विश्वव्यापी घोषणा र संस्कृति मन्त्रीहरूको तेस्रो गोलमेच बैठकद्वारा पारित २००२ को इस्तानबुल घोषणामा आत्मसात् भएअनुरुप साँस्कृतिक विविधताको मूल प्रवाह तथा दिगो विकासको सुनिश्चितताको रुपमा अमूर्त साँस्कृतिक सम्पदाको महत्त्वलाई *विचार गर्दै,*

अमूर्त साँस्कृतिक सम्पदा तथा मूर्त साँस्कृतिक र प्राकृतिक सम्पदाबीच रहेको गहिरो अन्तर्सम्बन्धलाई *विचार गर्दै,*

भूमण्डलीकरण तथा सामाजिक रुपान्तरणका प्रक्रियाहरूका साथै यसले समुदायहरूबीचमा संवादको नवीकरणका लागि सिर्जना गर्ने अवस्थाहरूले, असहिष्णुताको प्रक्रियाले जस्तै, अमूर्त साँस्कृतिक सम्पदाको क्षयीकरण, लोप र विनाशमा, खासगरी त्यस्ता सम्पदाको सुरक्षणको लागि आर्थिक स्रोतहरूको अभावलाई निम्त्याएर, गम्भीर आँच पुऱ्याउनमा प्रोत्साहन दिने कुरालाई *स्वीकार गर्दै,*

मानवताको अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणमा विश्वव्यापी चासो तथा साझा सरोकारका बारेमा *जागरुक रही,*

अमूर्त साँस्कृतिक सम्पदाको उत्पादन, सुरक्षा, जगेर्ना तथा पुनरुत्पादनमा त्यस्ता समुदायहरू, खासगरी आदिवासी समुदायहरू, समूहहरू एवं केही प्रश्नहरूमा, व्यक्तिहरूले

यो मूल रुपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो । अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाँझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

safeguarding, maintenance and recreation of the intangible cultural heritage, thus helping to enrich cultural diversity and human creativity,

*Noting* the far-reaching impact of the activities of UNESCO in establishing normative instruments for the protection of the cultural heritage, in particular the Convention for the Protection of the World Cultural and Natural Heritage of 1972,

*Noting further* that no binding multilateral instrument as yet exists for the safeguarding of the intangible cultural heritage,

*Considering* that existing international agreements, recommendations and resolutions concerning the cultural and natural heritage need to be effectively enriched and supplemented by means of new provisions relating to the intangible cultural heritage,

*Considering* the need to build greater awareness, especially among the younger generations, of the importance of the intangible cultural heritage and of its safeguarding,

*Considering* that the international community should contribute, together with the States Parties to this Convention, to the safeguarding of such heritage in a spirit of cooperation and mutual assistance,

*Recalling* UNESCO's programmes relating to the intangible cultural heritage, in particular the Proclamation of Masterpieces of the Oral and Intangible Heritage of Humanity,

*Considering* the invaluable role of the intangible cultural heritage as a factor in bringing human beings closer together and ensuring exchange and understanding among them,

*Adopts* this Convention on this seventeenth day of October 2003.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन्, यसरी साँस्कृतिक विविधता एवं मानव सिर्जनात्मकतालाई सम्वृद्ध गर्न सहयोग पुऱ्याइरहेका छन् भन्ने कुरालाई *स्वीकार गर्दै,*

साँस्कृतिक सम्पदाको संरक्षणको निमित्त अनुकरणीय संयन्त्रहरू स्थापनामा युनेस्कोको क्रियाकलापको दूरगामी प्रभाव, खासगरी १९७२ को विश्व साँस्कृतिक एवं प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धिको *स्मरण गर्दै,*

यस अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणको लागि अन्य कुनै बन्धनकारी बहुपक्षीय संयन्त्रहरू अस्तित्वमा नरहेको परिप्रेक्ष्यलाई *स्मरण गर्दै,*

साँस्कृतिक तथा प्राकृतिक सम्पदासँग सम्बन्धित विद्यमान अन्तर्राष्ट्रिय सम्झौताहरू, सिफारिशहरू तथा संकल्प प्रस्तावहरू साँस्कृतिक सम्पदासँग सम्बन्धित नयाँ प्रावधानहरूद्वारा प्रभावकारी ढंगले समृद्ध एवं पूरा गर्नुपर्ने आवश्यकतालाई *महसूस गर्दै,*

अमूर्त साँस्कृतिक सम्पदाको महत्त्व तथा यसको संरक्षणको, विशेषतः नयाँ पुस्ताहरूका बीचमा, व्यापक जनचेतना स्थापित गर्नुपर्ने आवश्यकतालाई *विचार गर्दै,*

अन्तर्राष्ट्रिय समुदायले यस महासन्धिको पक्षराज्यहरूसँग मिलेर त्यस्ता सम्पदाको संरक्षण गर्न सहयोगात्मक र आपसी मद्दतको भावनाले योगदान पुऱ्याउनु पर्दछ भन्ने कुरालाई *मनन् गर्दै,*

अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित युनेस्कोका कार्यक्रमहरू, खासगरी मानवताका मौखिक एवं अमूर्त सम्पदाको उत्कृष्टतम् रचनाहरूको घोषणालाई *स्मरण गर्दै,*

मानवहरूलाई नजिक ल्याउन र तिनीहरूबीच आदान-प्रदान एवं समझदारी सुनिश्चित गर्नमा अमूर्त साँस्कृतिक सम्पदाको अमूल्य भूमिका एक कारक रहेको कुरालाई *विचार गर्दै,*

अक्टुबर १७ तारेख २००३ मा यो महासन्धि *अङ्गीकार गरिन्छ।*

# I. General provisions

### *Article 1 – Purposes of the Convention*

The purposes of this Convention are:

(a) to safeguard the intangible cultural heritage;

(b) to ensure respect for the intangible cultural heritage of the communities, groups and individuals concerned;

(c) to raise awareness at the local, national and international levels of the importance of the intangible cultural heritage, and of ensuring mutual appreciation thereof;

(d) to provide for international cooperation and assistance.

### *Article 2 – Definitions*

For the purposes of this Convention,

1. The "intangible cultural heritage" means the practices, representations, expressions, knowledge, skills – as well as the instruments, objects, artefacts and cultural spaces associated therewith – that communities, groups and, in some cases, individuals recognize as part of their cultural heritage. This intangible cultural heritage, transmitted from generation to generation, is constantly recreated by communities and groups in response to their environment, their interaction with nature and their history, and provides them with a sense of identity and continuity, thus promoting respect for cultural diversity and human creativity. For the purposes of this Convention, consideration will be given solely to such intangible cultural heritage as is compatible with existing international human rights instruments, as well as with the requirements of mutual respect among communities, groups and individuals, and of sustainable development.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# एक. सामान्य व्यवस्थाहरू

### *धारा १ : महासन्धिका उद्देश्यहरू*

यस महासन्धिका उद्देश्यहरू निम्न छन्:

(क) अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्नु;

(ख) सम्बद्ध समुदाय, समूह तथा व्यक्तिहरूको अमूर्त साँस्कृतिक सम्पदाप्रतिको सम्मान सुनिश्चित गर्नु;

(ग) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अमूर्त साँस्कृतिक सम्पदाको महत्त्वको बारेमा जनचेतना जगाउनु, तथा तिनका एकआपसमा कदरको सुनिश्चितता गर्नु;

(घ) अन्तर्राष्ट्रिय सहयोग तथा सहायता उपलब्ध गराउनु।

### *धारा २ : परिभाषाहरू*

यस महासन्धिको प्रयोजनका लागि,

१. "अमूर्त साँस्कृतिक सम्पदा" भन्नाले प्रचलनहरू, प्रतिनिधित्वहरू, अभिव्यक्तिहरू, ज्ञान, सीपहरू साथसाथै साधनहरू, वस्तुहरू, कला वस्तुहरू र त्यससँग जोडिएका साँस्कृतिक स्थलहरू, जसलाई ती समुदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरू समेतले साँस्कृतिक सम्पदाको अंगको रुपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नु पर्दछ। यो अमूर्त साँस्कृतिक सम्पदा, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै, समुदायहरू र समूहहरूद्वारा तिनीहरूको वातावरण, प्रकृति तथा तिनका इतिहाससँगको अन्तर्क्रियाको प्रत्युत्तरमा निरन्तर रुपमा पुनरुत्पादन हुन्छ, तथा तिनीहरूलाई परिचय र निरन्तरताको एउटा अनुभूति प्रदान गर्दछ, यसरी साँस्कृतिक विविधता तथा मानव सिर्जनात्मकताप्रतिको सम्मानलाई प्रवर्द्धन गरिरहेको हुन्छ । यस महासन्धिको प्रयोजनका लागि केवल त्यस्ता अमूर्त साँस्कृतिक सम्पदाहरूलाई मात्र ध्यान दिइनेछ, जो विद्यमान अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूसँग, साथसाथै समुदायहरू, समूहहरू तथा व्यक्तिहरूका बीचमा आपसी सम्मान, तथा दिगो विकासका आवश्यकताहरूसँग मेल खान्छन् ।

यो मूल रुपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो । अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाँझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

2. The "intangible cultural heritage", as defined in paragraph 1 above, is manifested inter alia in the following domains:

   (a) oral traditions and expressions, including language as a vehicle of the intangible cultural heritage;

   (b) performing arts;

   (c) social practices, rituals and festive events;

   (d) knowledge and practices concerning nature and the universe;

   (e) traditional craftsmanship.

3. "Safeguarding" means measures aimed at ensuring the viability of the intangible cultural heritage, including the identification, documentation, research, preservation, protection, promotion, enhancement, transmission, particularly through formal and nonformal education, as well as the revitalization of the various aspects of such heritage.

4. "States Parties" means States which are bound by this Convention and among which this Convention is in force.

5. This Convention applies mutatis mutandis to the territories referred to in Article 33 which become Parties to this Convention in accordance with the conditions set out in that Article. To that extent the expression "States Parties" also refers to such territories.

### *Article 3 – Relationship to other international instruments*

Nothing in this Convention may be interpreted as:

(a) altering the status or diminishing the level of protection under the 1972 Convention concerning the Protection of the World Cultural and Natural Heritage of World Heritage properties with which an item of the intangible cultural heritage is directly associated; or

(b) affecting the rights and obligations of States Parties deriving from any international instrument relating to intellectual property rights or to the use of biological and ecological resources to which they are parties.


The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

२. माथि परिच्छेद् १ मा परिभाषित गरिएअनुसार, "अमूर्त साँस्कृतिक सम्पदा" लाई, अरूमध्ये निम्न विधाहरूअन्तर्गत समेट्न सकिन्छ:

(क) अमूर्त साँस्कृतिक सम्पदाको संवाहकको रुपमा भाषा सहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू;

(ख) अभिनय कलाहरू;

(ग) सामाजिक व्यवहारहरू, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरू;

(घ) प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू;

(ङ) परम्परागत कलाकौशलता ।

३. "संरक्षण" भन्नाले अमूर्त साँस्कृतिक सम्पदाको जीवन्ततालाई सुनिश्चित गर्न लक्षित उपायहरू, खासगरी औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमद्वारा तिनको चिनारी, अभिलेखीकरण, अनुसन्धान, संरक्षण, सुरक्षा, प्रवर्द्धन, अभिवृद्धिकरण, हस्तान्तरणलगायत त्यस्तो सम्पदाको विविध पक्षहरूको पुनर्जीवनीकरणलाई समेत सम्झनु पर्दछ।

४. "पक्ष राज्यहरू" भन्नाले यस महासन्धिद्वारा अनुबन्धित राज्यहरू तथा जहाँ यो महासन्धि लागू भैसकेको छ, ती राज्यहरूलाई सम्झनु पर्दछ ।

५. यो महासन्धि धारा ३३ मा उल्लेख गरिएको त्यस्ता भू-भागहरूमा यथोचित लागू हुनेछ, जुन त्यस धारामा उल्लिखित शर्तबमोजिम यस महासन्धिको पक्ष बन्न पुगेका हुन्छन् । त्यस सीमासम्ममा "पक्ष राज्यहरू" भन्ने अभिव्यक्तिले त्यस्ता भू-भागहरू समेतलाई जनाउनेछ।

### *धारा ३ : अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरूसँगको अन्तर्सम्बन्ध*

यस महासन्धिमा कुनै पनि व्यवस्थालाई देहायबमोजिम व्याख्या गरिने छैन :

(क) विश्व सम्पदा निधिहरू, जससँग अमूर्त साँस्कृतिक सम्पदाको कुनै विषय प्रत्यक्ष रुपमा जोडिएको छ, विश्व साँस्कृतिक एवं प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी १९७२ को महासन्धिअन्तर्गत तिनको हैसियत परिवर्तन गर्ने वा सुरक्षाको स्तरलाई घटाउने गरी; अथवा

(ख) बौद्धिक सम्पत्ति अधिकारहरू वा जैविक तथा परिवृत्तीय स्रोतहरूको प्रयोगसँग सम्बन्धित कुनै पनि अन्तर्राष्ट्रिय संयन्त्रहरू, जो त्यसका पक्ष छन्, त्यसबाट प्रस्फुटित पक्ष राज्यहरूको अधिकार तथा दायित्वहरूलाई असर गर्ने गरी।

# II. Organs of the Convention

***Article 4 – General Assembly of the States Parties***

1. A General Assembly of the States Parties is hereby established, hereinafter referred to as “the General Assembly”. The General Assembly is the sovereign body of this Convention.

2. The General Assembly shall meet in ordinary session every two years. It may meet in extraordinary session if it so decides or at the request either of the Intergovernmental Committee for the Safeguarding of the Intangible Cultural Heritage or of at least one-third of the States Parties.

3. The General Assembly shall adopt its own Rules of Procedure.

***Article 5 – Intergovernmental Committee for the Safeguarding of the Intangible Cultural Heritage***

1. An Intergovernmental Committee for the Safeguarding of the Intangible Cultural Heritage, hereinafter referred to as “the Committee”, is hereby established within UNESCO. It shall be composed of representatives of 18 States Parties, elected by the States Parties meeting in General Assembly, once this Convention enters into force in accordance with Article 34.

2. The number of States Members of the Committee shall be increased to 24 once the number of the States Parties to the Convention reaches 50.

***Article 6 – Election and terms of office of States Members of the Committee***

1. The election of States Members of the Committee shall obey the principles of equitable geographical representation and rotation.

2. States Members of the Committee shall be elected for a term of four years by States Parties to the Convention meeting in General Assembly.


The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# दुई. महासन्धिका अङ्गहरू

***धारा ४ : पक्ष राज्यहरूको साधारणसभा***

१. पक्ष राज्यहरूको एउटा साधारणसभा यहाँ गठन गरिन्छ, यसपछि "साधारणसभा" भनी सम्बोधन गरिएको छ। साधारणसभा यो महासन्धिको सार्वभौम निकाय हुनेछ।

२. प्रत्येक दुई वर्षमा साधारणसभाको महाअधिवेशन बस्नेछ। यदि यसले विशेष अधिवेशन बस्ने निर्णय गरेमा अथवा अमूर्त साँस्कृतिक सम्पदा संरक्षणको लागि अन्तर्‌सरकारी समिति वा कम्तीमा एक तिहाइ पक्ष राज्यहरूको अनुरोधमा यसको विशेष अधिवेशन बस्न सक्नेछ।

३. साधारणसभाले आफ्नो कार्यविधिको नियमहरू आफै अङ्गीकार गर्नेछ।

***धारा ५ : अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्नका लागि अन्तरसरकारी समिति***

१. अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्नको लागि एक अन्तरसरकारी समिति, यसपछि "समिति" भनिएको, युनेस्कोअन्तर्गत गठन गरिनेछ। धारा ३४ बमोजिम यो महासन्धि लागू भए लगत्तै, साधारणसभामा पक्ष राज्यहरूको बैठकद्वारा चयन गरिने अठार पक्ष राज्यहरूको प्रतिनिधिहरूद्वारा यो समिति बन्नेछ।

२. महासन्धिका पक्ष राज्यहरूको संख्या ५० पुगेमा समितिका सदस्य राज्यहरूको संख्या २४ पुऱ्याइनेछ।

***धारा ६ : समितिका सदस्य राज्यहरूको निर्वाचन तथा पदावधि***

१. समितिका सदस्य राज्यहरूको निर्वाचनले समान भौगोलिक प्रतिनिधित्व तथा पालै पालोको सिद्धान्तको पालना गर्नुपर्नेछ।

२. साधारणसभाको बैठकमा महासन्धिका पक्ष राज्यहरूद्वारा समितिका सदस्य राज्यहरू चार वर्षको अवधिका लागि निर्वाचित हुनेछन्।

3. However, the term of office of half of the States Members of the Committee elected at the first election is limited to two years. These States shall be chosen by lot at the first election.
4. Every two years, the General Assembly shall renew half of the States Members of the Committee.
5. It shall also elect as many States Members of the Committee as required to fill vacancies.
6. A State Member of the Committee may not be elected for two consecutive terms.
7. States Members of the Committee shall choose as their representatives persons who are qualified in the various fields of the intangible cultural heritage.

***Article 7 – Functions of the Committee***

Without prejudice to other prerogatives granted to it by this Convention, the functions of the Committee shall be to:

(a) promote the objectives of the Convention, and to encourage and monitor the implementation thereof;

(b) provide guidance on best practices and make recommendations on measures for the safeguarding of the intangible cultural heritage;

(c) prepare and submit to the General Assembly for approval a draft plan for the use of the resources of the Fund, in accordance with Article 25;

(d) seek means of increasing its resources, and to take the necessary measures to this end, in accordance with Article 25;

(e) prepare and submit to the General Assembly for approval operational directives for the implementation of this Convention;

(f) examine, in accordance with Article 29, the reports submitted by States Parties, and to summarize them for the General Assembly;



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

३. जे भए पनि, पहिलो पटक निर्वाचित हुने आधा सदस्य राज्यहरूको पदावधि भने दुई वर्षको लागि सीमित रहनेछ । यी राज्यहरू पहिलो निर्वाचनमा गोलाप्रथाद्वारा छानिनेछन् ।

४. प्रत्येक दुई वर्षमा, साधारणसभाले समितिका आधा सदस्य राज्यहरूको नवीकरण गर्नेछ ।

५. यसले खाली पदहरू पूर्ति गर्न चाहिने जति समितिका सदस्य राज्यहरू पनि चयन गर्नेछ।

६. समितिको एउटा सदस्य राज्य लगातार दुई पदावधिको लागि निर्वाचित हुनसक्ने छैन ।

७. अमूर्त साँस्कृतिक सम्पदाको विभिन्न क्षेत्रमा योग्यता हासिल गरेका व्यक्तिहरूलाई समितिका सदस्य राज्यहरूले तिनीहरूको प्रतिनिधिको रुपमा चयन गर्नेछन् ।

### *धारा ७ : समितिका कार्यहरू*

यस महासन्धिद्वारा प्रदत्त अन्य विशेषाधिकार उल्लंघन नहुने गरी, यस समितिका कार्यहरू निम्नबमोजिम हुनेछन्:

(क) महासन्धिका उद्देश्यहरूको प्रवर्द्धन गर्ने तथा त्यसको कार्यान्वयनलाई प्रोत्साहन तथा अनुगमन गर्ने;

(ख) सर्वोत्तम अभ्यासहरूमा मार्गदर्शन प्रदान गर्ने तथा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका लागि उपायहरूको सिफारिश गर्ने;

(ग) धारा २५ अनुसार, कोषको स्रोतहरूको प्रयोजनका लागि एउटा मस्यौदा योजना तयार गर्ने तथा स्वीकृतिको लागि साधारणसभामा पेश गर्ने;

(घ) यसका स्रोतहरू अभिवृद्धि गर्ने साधनहरूको खोजी गर्ने, तथा धारा २५ अनुसार, यस साध्यका लागि आवश्यक उपायहरू अवलम्बन गर्ने;

(ङ) यो महासन्धि कार्यान्वयनका लागि कार्यान्वयात्मक निर्देशिकाहरू बनाउने तथा स्वीकृतिको लागि साधारणसभामा पेश गर्ने;

(च) पक्ष राज्यहरूद्वारा पेश गरिएका प्रतिवेदनहरू, धारा २९ अनुसार, परीक्षण गर्ने, तथा साधारणसभाका लागि संक्षेपीकरण गर्ने;

(g) examine requests submitted by States Parties, and to decide thereon, in accordance with objective selection criteria to be established by the Committee and approved by the General Assembly for:

(i) inscription on the lists and proposals mentioned under Articles 16, 17 and 18;

(ii) the granting of international assistance in accordance with Article 22.

***Article 8 – Working methods of the Committee***

1. The Committee shall be answerable to the General Assembly. It shall report to it on all its activities and decisions.
2. The Committee shall adopt its own Rules of Procedure by a two-thirds majority of its Members.
3. The Committee may establish, on a temporary basis, whatever ad hoc consultative bodies it deems necessary to carry out its task.
4. The Committee may invite to its meetings any public or private bodies, as well as private persons, with recognized competence in the various fields of the intangible cultural heritage, in order to consult them on specific matters.

***Article 9 – Accreditation of advisory organizations***

1. The Committee shall propose to the General Assembly the accreditation of nongovernmental organizations with recognized competence in the field of the intangible cultural heritage to act in an advisory capacity to the Committee.
2. The Committee shall also propose to the General Assembly the criteria for and modalities of such accreditation.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

(छ) पक्ष राज्यहरूद्वारा पेश गरिएका अनुरोधहरू परीक्षण गर्ने तथा समितिद्वारा तयार गरिने र साधारणसभाद्वारा स्वीकृति प्रदान गरिने वस्तुगत छनौट आधारअनुसार, निम्न सन्दर्भमा निर्णय लिने:

(अ) धारा १६, १७ र १८ अन्तर्गत उल्लेख गरिएका सूचीहरूको सूचीकरण र प्रस्तावहरूको बारेमा;

(आ) धारा २२ अनुसार अन्तर्राष्ट्रिय सहयोग प्रदान गर्ने बारेमा।

### *धारा ८ : समितिको कार्यसम्पादन तरिकाहरू*

१. समिति साधारणसभाप्रति जवाफदेही हुनेछ। यसले आफ्ना सबै क्रियाकलापहरू र निर्णयहरूको प्रतिवेदन साधारणसभा समक्ष बुझाउनेछ।

२. समितिले आफ्ना सदस्यहरूको दुई तिहाइ बहुमतद्वारा आफ्नो कार्यविधिको नियमहरू आफैं तय गर्नेछ।

३. समितिले आवश्यक ठानेमा आफ्नो कार्यसम्पादन गर्न अस्थायी रुपमा, जुनसुकै परामर्श निकायहरू स्थापना गर्न सक्नेछ।

४. विशेष कुराहरूको सल्लाह लिने क्रममा, समितिले यसको बैठकहरूमा कुनै सार्वजनिक वा निजी निकायहरू, साथसाथै अमूर्त साँस्कृतिक सम्पदाको विविध क्षेत्रमा मान्यता प्राप्त दक्ष निजी व्यक्तित्वहरूलाई समेत आमन्त्रण गर्न सक्नेछ।

### *धारा ९ : सल्लाहकार संस्थाहरूको आधिकारिकता*

१. समितिको सल्लाहकारको हैसियतले कार्य गर्न समितिले अमूर्त साँस्कृतिक सम्पदाका क्षेत्रमा मान्यता प्राप्त योग्य गैरसरकारी संस्थाहरूको आधिकारिकताको साधारणसभासमक्ष प्रस्ताव गर्नेछ।

२. त्यस्ता आधिकारिकता छनौटका आधार तथा प्रकृतिहरू पनि समितिले साधारणसभासमक्ष प्रस्ताव गर्नेछ।

### *Article 10 – The Secretariat*

1. The Committee shall be assisted by the UNESCO Secretariat.
2. The Secretariat shall prepare the documentation of the General Assembly and of the Committee, as well as the draft agenda of their meetings, and shall ensure the implementation of their decisions.


The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

### *धारा १० : सचिवालय*

१. समितिले युनेस्को सचिवालयबाट सहायता प्राप्त गर्नेछ ।

२. सचिवालयले साधारणसभा तथा समितिको अभिलेख साथै तिनीहरूको बैठकहरूको कार्यसूची मस्यौदा तयार गर्नेछ, तथा तिनीहरूको निर्णयहरूको कार्यान्वयन सुनिश्चित गर्नेछ ।

# III. Safeguarding of the intangible cultural heritage at the national level

### *Article 11 – Role of States Parties*

Each State Party shall:

(a) take the necessary measures to ensure the safeguarding of the intangible cultural heritage present in its territory;

(b) among the safeguarding measures referred to in Article 2, paragraph 3, identify and define the various elements of the intangible cultural heritage present in its territory, with the participation of communities, groups and relevant nongovernmental organizations.

### *Article 12 – Inventories*

1. To ensure identification with a view to safeguarding, each State Party shall draw up, in a manner geared to its own situation, one or more inventories of the intangible cultural heritage present in its territory. These inventories shall be regularly updated.

2. When each State Party periodically submits its report to the Committee, in accordance with Article 29, it shall provide relevant information on such inventories.

### *Article 13 – Other measures for safeguarding*

To ensure the safeguarding, development and promotion of the intangible cultural heritage present in its territory, each State Party shall endeavour to:

(a) adopt a general policy aimed at promoting the function of the intangible cultural heritage in society, and at integrating the safeguarding of such heritage into planning programmes;



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# तीन. राष्ट्रियस्तरमा
# अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण

### *धारा ११ : पक्ष राज्यहरूको भूमिका*

प्रत्येक पक्ष राज्यले:

(क) आफ्नो भू-भागमा रहेको अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गर्नेछ;

(ख) धारा २, परिच्छेद् ३ मा उल्लिखित संरक्षणका उपायहरू मध्ये, समुदायहरू, समूहहरू तथा सम्बद्ध गैरसरकारी संस्थाहरूको सहभागितामा, यसका भू-भागभित्र रहेका अमूर्त साँस्कृतिक सम्पदाका विविध तत्वहरूको निर्क्योल तथा परिभाषित गर्नेछ ।

### *धारा १२ : वस्तुसूचीहरू*

१. संरक्षण गर्ने ध्येयले परिचय सुनिश्चित गर्न, प्रत्येक पक्ष राज्यले, यसको भू-भागमा अवस्थित अमूर्त साँस्कृतिक सम्पदाका एक वा सोभन्दा बढी वस्तुसूचीहरू, यसको आफ्नो परिस्थिति सुहाउँदो किसिमले तयार गर्नेछ । यी सूचीहरू नियमित रुपमा अद्यावधिक गरिने छन् ।

२. प्रत्येक पक्ष राज्यले, धारा २९ अनुसार, आफ्नो प्रतिवेदन आवधिक रुपमा समितिमा पेश गर्दा, त्यस्ता सूचीहरूमा सम्बद्ध जानकारी उपलब्ध गराउनु पर्नेछ।

### *धारा १३ : संरक्षणका अन्य उपायहरू*

आफ्नो भू-भागभित्र विद्यमान अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण, विकास तथा प्रवर्द्धनको सुनिश्चित गर्न, हरेक पक्ष राज्यले निम्न प्रयत्नहरू गर्नेछन्:

(क) समाजमा अमूर्त साँस्कृतिक सम्पदाको कार्य प्रवर्द्धन गर्ने तथा त्यस्ता सम्पदाको संरक्षणलाई योजनाबद्ध कार्यक्रमहरूमा एकीकृत गर्ने उद्देश्यले एउटा सामान्य नीति अङ्गीकार गर्ने;

(b) designate or establish one or more competent bodies for the safeguarding of the intangible cultural heritage present in its territory;

(c) foster scientific, technical and artistic studies, as well as research methodologies, with a view to effective safeguarding of the intangible cultural heritage, in particular the intangible cultural heritage in danger;

(d) adopt appropriate legal, technical, administrative and financial measures aimed at:

(i) fostering the creation or strengthening of institutions for training in the management of the intangible cultural heritage and the transmission of such heritage through forums and spaces intended for the performance or expression thereof;

(ii) ensuring access to the intangible cultural heritage while respecting customary practices governing access to specific aspects of such heritage;

(iii) establishing documentation institutions for the intangible cultural heritage and facilitating access to them.

### *Article 14 – Education, awareness-raising and capacity-building*

Each State Party shall endeavour, by all appropriate means, to:

(a) ensure recognition of, respect for, and enhancement of the intangible cultural heritage in society, in particular through:

(i) educational, awareness-raising and information programmes, aimed at the general public, in particular young people;

(ii) specific educational and training programmes within the communities and groups concerned;

(iii) capacity-building activities for the safeguarding of the intangible cultural heritage, in particular management and scientific research; and

(iv) non-formal means of transmitting knowledge;



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

(ख) आफ्नो भू-भागमा रहेका अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका लागि एक वा बढी सक्षम निकायहरू छनौट गर्ने वा स्थापना गर्ने;

(ग) अमूर्त साँस्कृतिक सम्पदा, खासगरी खतरामा रहेका अमूर्त साँस्कृतिक सम्पदाको प्रभावकारी संरक्षणको दृष्टिकोणले, वैज्ञानिक, प्राविधिक तथा कलात्मक अध्ययनहरूका साथसाथै अनुसन्धान पद्धतिहरू विकसित गर्ने;

(घ) निम्न लक्ष्य लिई उपयुक्त कानूनी, प्राविधिक, प्रसाशकीय तथा वित्तीय उपायहरू अङ्गीकार गर्ने:

(अ) अमूर्त साँस्कृतिक सम्पदाको व्यवस्थापनमा तालिमको लागि संस्थाहरूको सिर्जना अथवा सबलीकरणलाई प्रोत्साहित गर्ने र अभिनय तथा अभिव्यक्तिका लागि लक्षित सभास्थल तथा स्थानहरूको माध्यमबाट त्यस्ता सम्पदाको हस्तान्तरणलाई प्रोत्साहित गर्ने;

(आ) अमूर्त साँस्कृतिक सम्पदाको विशेष पक्षहरूतर्फको पहुँचलाई नियमन गर्ने परम्परागत प्रचलनहरूलाई आदर गर्दै त्यस्ता सम्पदातर्फको पहुँचलाई सुनिश्चित गर्ने;

(इ) अमूर्त साँस्कृतिक सम्पदाका लागि अभिलेखीकरण गर्ने संस्थाहरूको स्थापना गर्ने तथा तिनीहरूसँगको पहुँचलाई सहजीकरण गर्ने ।

### *धारा १४ : शिक्षा, चेतना अभिवृद्धि तथा क्षमता निर्माण*

प्रत्येक पक्ष राज्यले सबै उपयुक्त उपायहरू अवलम्बन गरी निम्न प्रयासहरू गर्ने:

(क) खासगरी निम्न कार्यहरूद्वारा समाजमा अमूर्त साँस्कृतिक सम्पदाको कदर, सोप्रतिको आदर तथा सोको सुदृढीकरणको सुनिश्चित गर्ने:

(अ) सामान्य जनता, खासगरी युवा वर्गमा लक्षित गरिएका शैक्षिक, चेतना अभिवृद्धि तथा जानकारीमूलक कार्यक्रमहरू;

(आ) सरोकारवाला समुदायहरू तथा समूहहरूबीच निश्चित शैक्षिक तथा तालिम कार्यक्रमहरू;

(इ) अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणको लागि क्षमता निर्माण क्रियाकलापहरू, खासगरी व्यवस्थापन तथा वैज्ञानिक अनुसन्धानमा; तथा

(ई) ज्ञान हस्तान्तरणको अनौपचारिक साधनहरू;

(b) keep the public informed of the dangers threatening such heritage, and of the activities carried out in pursuance of this Convention;

(c) promote education for the protection of natural spaces and places of memory whose existence is necessary for expressing the intangible cultural heritage.

***Article 15 – Participation of communities, groups and individuals***

Within the framework of its safeguarding activities of the intangible cultural heritage, each State Party shall endeavour to ensure the widest possible participation of communities, groups and, where appropriate, individuals that create, maintain and transmit such heritage, and to involve them actively in its management.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

(ख) त्यस्ता सम्पदालाई चुनौती दिइरहेका खतराहरू, तथा यस महासन्धिको अनुशरणका लागि गरिएका क्रियाकलापहरू जनसमूहलाई सूचित गर्ने;

(ग) अमूर्त साँस्कृतिक सम्पदा अभिव्यक्त गर्न आवश्यक पर्ने प्राकृतिक स्थलहरू तथा स्मरणयोग्य स्थानहरूको संरक्षणको लागि शिक्षा प्रवर्द्धन गर्ने।

### *धारा १५ : समुदाय, समूह तथा व्यक्तिहरूको सहभागिता*

हरेक पक्ष राज्यले अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण क्रियाकलापहरूको परिधिभित्र रही यसलाई सिर्जना, जगेर्ना तथा हस्तान्तरण गर्ने समुदाय, समूह तथा उपयुक्त भएमा व्यक्तिहरू समेतको व्यापक सम्भाव्य सहभागिता सुनिश्चित गर्न र तिनीहरूलाई यसको व्यवस्थापनमा सक्रिय रूपमा संलग्न गराउन प्रयत्न गर्नेछ।

# IV. Safeguarding of the intangible cultural heritage at the international level

### *Article 16 – Representative List of the Intangible Cultural Heritage of Humanity*

1. In order to ensure better visibility of the intangible cultural heritage and awareness of its significance, and to encourage dialogue which respects cultural diversity, the Committee, upon the proposal of the States Parties concerned, shall establish, keep up to date and publish a Representative List of the Intangible Cultural Heritage of Humanity.

2. The Committee shall draw up and submit to the General Assembly for approval the criteria for the establishment, updating and publication of this Representative List.

### *Article 17 – List of Intangible Cultural Heritage in Need of Urgent Safeguarding*

1. With a view to taking appropriate safeguarding measures, the Committee shall establish, keep up to date and publish a List of Intangible Cultural Heritage in Need of Urgent Safeguarding, and shall inscribe such heritage on the List at the request of the State Party concerned.

2. The Committee shall draw up and submit to the General Assembly for approval the criteria for the establishment, updating and publication of this List.

3. In cases of extreme urgency – the objective criteria of which shall be approved by the General Assembly upon the proposal of the Committee – the Committee may inscribe an item of the heritage concerned on the List mentioned in paragraph 1, in consultation with the State Party concerned.


The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# चार. अन्तर्राष्ट्रियस्तरमा
# अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण

### *धारा १६ : मानवताको अमूर्त साँस्कृतिक सम्पदाको प्रतिनिधिमूलक सूची*

१. अमूर्त साँस्कृतिक सम्पदाको बढी प्रभावकारी सादृश्यता तथा यसको महत्त्वप्रतिको चेतना सुनिश्चित गर्न तथा साँस्कृतिक विविधतालाई सम्मान गर्ने खालको संवादलाई प्रोत्साहन गर्न, समितिले सम्बन्धित पक्ष राज्यहरूको प्रस्तावमा, मानवताको अमूर्त साँस्कृतिक सम्पदाको एउटा प्रतिनिधिमूलक सूचीको स्थापना गर्ने, अद्यावधिक राख्ने तथा प्रकाशन गर्नेछ ।

२. समितिले यो प्रतिनिधिमूलक सूची स्थापना गर्न, अद्यावधिक राख्न र प्रकाशन गर्नका लागि आधारहरू तयार गर्नेछ तथा स्वीकृतिको लागि साधारणसभामा पेश गर्नेछ ।

### *धारा १७ : तत्काल संरक्षण गर्न आवश्यक अमूर्त साँस्कृतिक सम्पदाको सूची*

१. उपयुक्त संरक्षण उपायहरू अवलम्बन गर्ने दृष्टिकोणले, समितिले तत्कालै संरक्षण गर्न आवश्यक भएका अमूर्त साँस्कृतिक सम्पदाको सूची स्थापना गर्ने, अद्यावधिक राख्ने तथा प्रकाशन गर्नेछ र सम्बन्धित पक्ष राज्यको अनुरोधमा त्यस्ता सम्पदालाई यस सूचीमा सूचीबद्ध गर्नेछ ।

२. समितिले यो सूची स्थापना गर्न, अद्यावधिक राख्न र प्रकाशन गर्नका लागि आधारहरू तयार गर्नेछ तथा स्वीकृतिको लागि साधारणसभामा पेश गर्नेछ ।

३. अत्यन्त जरुरी विषयहरूमा - जसका वस्तुगत आधारहरू समितिको प्रस्तावमा साधारणसभाद्वारा स्वीकृत भएको हुनेछ - समितिले सम्बन्धित पक्ष राज्यसँग सल्लाह गरी सम्बन्धित सम्पदाको एउटा विषयलाई अनुच्छेद् १ मा उल्लिखित सूचीमा सूचीबद्ध गर्न सक्नेछ ।

### *Article 18 – Programmes, projects and activities for the safeguarding of the intangible cultural heritage*

1. On the basis of proposals submitted by States Parties, and in accordance with criteria to be defined by the Committee and approved by the General Assembly, the Committee shall periodically select and promote national, subregional and regional programmes, projects and activities for the safeguarding of the heritage which it considers best reflect the principles and objectives of this Convention, taking into account the special needs of developing countries.
2. To this end, it shall receive, examine and approve requests for international assistance from States Parties for the preparation of such proposals.
3. The Committee shall accompany the implementation of such projects, programmes and activities by disseminating best practices using means to be determined by it.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

### *धारा १८ : अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका लागि कार्यक्रमहरू, परियोजनाहरू तथा क्रियाकलापहरू*

१. पक्ष राज्यहरूद्वारा पेश गरिएका प्रस्तावहरूको आधारमा तथा समितिद्वारा परिभाषित गरिने र साधारणसभाद्वारा स्वीकृत हुने सिद्धान्तहरूअनुसार, समितिले विकासशील राष्ट्रहरूको विशेष आवश्यकताहरूलाई ध्यानमा राख्दै, त्यस्ता सम्पदा जसलाई समितिले यो महासन्धिको सिद्धान्तहरू तथा उद्देश्यहरूलाई सर्वोत्कृष्ट प्रतिविम्बित गर्छ भन्ने ठान्दछ, त्यसका संरक्षणका लागि आवधिक रुपमा राष्ट्रिय, उपक्षेत्रीय र क्षेत्रीय कार्यक्रमहरू, परियोजनाहरू र क्रियाकलापहरूको चयन तथा प्रवर्द्धन गर्नेछ ।

२. यस साध्यका लागि, यसले त्यस्ता प्रस्तावहरूको तयारी गर्न पक्ष राज्यहरूबाट अन्तर्राष्ट्रिय सहायताका लागि अनुरोधहरू लिने, परीक्षण तथा स्वीकार गर्ने।

३. यसद्वारा निर्धारण हुने साधनहरू प्रयोग गरी सर्वोत्कृष्ट अभ्यासहरूको व्यापक विस्तारद्वारा समितिले त्यस्ता परियोजनाहरू, कार्यक्रमहरू तथा क्रियाकलापहरूको कार्यान्वयनमा साथ दिनेछ ।

# V. International cooperation and assistance

### *Article 19 – Cooperation*

1. For the purposes of this Convention, international cooperation includes, inter alia, the exchange of information and experience, joint initiatives, and the establishment of a mechanism of assistance to States Parties in their efforts to safeguard the intangible cultural heritage.
2. Without prejudice to the provisions of their national legislation and customary law and practices, the States Parties recognize that the safeguarding of intangible cultural heritage is of general interest to humanity, and to that end undertake to cooperate at the bilateral, subregional, regional and international levels.

### *Article 20 – Purposes of international assistance*

International assistance may be granted for the following purposes:

(a) the safeguarding of the heritage inscribed on the List of Intangible Cultural Heritage in Need of Urgent Safeguarding;

(b) the preparation of inventories in the sense of Articles 11 and 12;

(c) support for programmes, projects and activities carried out at the national, subregional and regional levels aimed at the safeguarding of the intangible cultural heritage;

(d) any other purpose the Committee may deem necessary.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# पाँच. अन्तर्राष्ट्रिय सहयोग तथा सहायता

***धारा १९ : सहयोग***

१. यस महासन्धिको प्रयोजनार्थ, अन्तर्राष्ट्रिय सहयोगभित्र, अरु विषयमध्ये, सूचना र अनुभवको आदान प्रदान, संयुक्त पहलहरू तथा पक्ष राज्यहरूलाई अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्न तिनीहरूको प्रयत्नहरूमा सहायताको संयन्त्र स्थापना पर्दछन् ।

२. तिनीहरूका राष्ट्रिय कानून र परम्परागत कानून तथा प्रचलनहरूका व्यवस्थाहरूमा पूर्वाग्रहविना, पक्ष राज्यहरूले अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण मानवताको लागि सामान्य चासोको विषय हो भन्ने मान्यता राख्दछ र त्यस साध्यका लागि द्विपक्षीय, उपक्षेत्रीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरहरूमा सहयोग गर्न जिम्मा लिन्छन् ।

***धारा २० : अन्तर्राष्ट्रिय सहायताका उद्देश्यहरू***

निम्न उद्देश्यहरूका लागि अन्तर्राष्ट्रिय सहायता प्रदान गर्न सकिनेछ:

(क) तत्कालै संरक्षण गर्न आवश्यक अमूर्त साँस्कृतिक सम्पदाको सूचीमा सूचीकृत सम्पदाको संरक्षण गर्न;

(ख) धाराहरू ११ र १२ को आशयमा गर्नुपर्ने वस्तुसूचीहरू तयार पार्न;

(ग) अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणमा लक्षित गरिएका राष्ट्रिय, उपक्षेत्रीय तथा क्षेत्रीय स्तरहरूमा गरिएका कार्यक्रमहरू, परियोजनाहरू र क्रियाकलापहरूका लागि सघाउ पुऱ्याउन;

(घ) समितिले आवश्यक ठानेको अन्य कुनै अभिप्राय ।

### *Article 21 – Forms of international assistance*

The assistance granted by the Committee to a State Party shall be governed by the operational directives foreseen in Article 7 and by the agreement referred to in Article 24, and may take the following forms:

(a) studies concerning various aspects of safeguarding;

(b) the provision of experts and practitioners;

(c) the training of all necessary staff;

(d) the elaboration of standard-setting and other measures;

(e) the creation and operation of infrastructures;

(f) the supply of equipment and know-how;

(g) other forms of financial and technical assistance, including, where appropriate, the granting of low-interest loans and donations.

### *Article 22 – Conditions governing international assistance*

1. The Committee shall establish the procedure for examining requests for international assistance, and shall specify what information shall be included in the requests, such as the measures envisaged and the interventions required, together with an assessment of their cost.
2. In emergencies, requests for assistance shall be examined by the Committee as a matter of priority.
3. In order to reach a decision, the Committee shall undertake such studies and consultations as it deems necessary.

### *Article 23 – Requests for international assistance*

1. Each State Party may submit to the Committee a request for international assistance for the safeguarding of the intangible cultural heritage present in its territory.
2. Such a request may also be jointly submitted by two or more States Parties.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

### *धारा २१ : अन्तर्राष्ट्रिय सहायताका स्वरुपहरू*

समितिद्वारा पक्ष राज्यलाई प्रदान गरेको सहायता धारा ७ मा पूर्वानुमान गरिएको कार्यान्वयात्मक निर्देशिकाहरू र धारा २४ मा सम्प्रेषित सम्झौताद्वारा नियमन हुनेछ र निम्न स्वरुपहरू लिन सक्नेछ:

(क) संरक्षणका विविध पक्षहरूसँग सम्बन्धित अध्ययनहरू;

(ख) विशेषज्ञहरू तथा अभ्यासकर्ताहरूको व्यवस्था;

(ग) सबै आवश्यक कर्मचारीको तालिम;

(घ) गुणस्तर निर्धारणको विस्तृतीकरण तथा अन्य उपायहरू;

(ङ) भौतिक पूर्वाधारहरूको निर्माण र सिर्जना;

(च) औजारहरूको आपूर्ति र तिनीहरूको जानकारी;

(छ) अन्य प्रकारका आर्थिक तथा प्राविधिक सहायताहरू, साथै उपयुक्त भएको ठाउँमा, न्यून-ब्याजी ऋणहरू तथा अनुदानहरू प्रदान ।

### *धारा २२ : अन्तर्राष्ट्रिय सहायता नियमनका शर्तहरू*

१. समितिले अन्तर्राष्ट्रिय सहायताको लागि गरिएका अनुरोधहरू परीक्षण गर्नको लागि कार्यविधि स्थापना गर्नेछ, र कुन चाहिँ जानकारीहरू ती अनुरोधहरूमा समावेश गराइने भन्ने कुराको किटान गर्ने, उदाहरणको लागि, परिकल्पना गरिएका उपायहरू तथा आवश्यक हस्तक्षेपहरू, साथसाथै तिनको लागतको मूल्याङ्कन ।

२. आपतकालहरूमा सहायताका लागि गरिएको अनुरोधहरू उच्च प्राथमिकताका साथ समितिद्वारा परीक्षण गरिनेछन् ।

३. निर्णयमा पुग्नका लागि समितिले त्यस्ता अध्ययनहरू र परामर्शहरू जुन यसले आवश्यक देख्दछ तिनलाई अपनाउनेछ।

### *धारा २३ : अन्तर्राष्ट्रिय सहायताका लागि अनुरोधहरू*

१. हरेक पक्ष राज्यले आफ्नो क्षेत्रभित्र रहेका अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणको लागि अन्तर्राष्ट्रिय सहायताका लागि समितिमा अनुरोध पेश गर्न सक्नेछ ।

२. त्यस्तो अनुरोध दुई वा बढी पक्ष राज्यहरूले संयुक्त रुपमा पनि पेश गर्न सक्नेछन्।

3. The request shall include the information stipulated in Article 22, paragraph 1, together with the necessary documentation.

*Article 24 – Role of beneficiary States Parties*

1. In conformity with the provisions of this Convention, the international assistance granted shall be regulated by means of an agreement between the beneficiary State Party and the Committee.
2. As a general rule, the beneficiary State Party shall, within the limits of its resources, share the cost of the safeguarding measures for which international assistance is provided.
3. The beneficiary State Party shall submit to the Committee a report on the use made of the assistance provided for the safeguarding of the intangible cultural heritage.


The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

३. आवश्यक कागजपत्र सँगसँगै, धारा २२, अनुच्छेद् १ मा अनुवद्ध गरिएका जानकारी सो अनुरोधमा संलग्न हुनु पर्नेछ ।

***धारा २४ : हितग्राही पक्ष राज्यहरूको भूमिका***

१. यस महासन्धिका व्यवस्थाहरूको सुनिश्चिताको लागि दिइएको अन्तर्राष्ट्रिय सहायता हितग्राही पक्ष राज्य र समितिको बीचमा भएको सम्झौताको माध्यमद्वारा नियमन हुनेछ।

२. सामान्य नियमानुसार, हितग्राही पक्ष राज्यले, आफ्नो स्रोतहरूको सीमाभित्र संरक्षणका उपायहरू, जसका लागि अन्तर्राष्ट्रिय सहायता दिइएको छ, त्यसको लागत व्यहोर्नेछ ।

३. हितग्राही पक्ष राज्यले अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणको लागि प्रदान गरिएको सहायताको प्रयोगको बारेमा समितिसमक्ष एक प्रतिवेदन पेश गर्नेछ।

# VI. Intangible Cultural Heritage Fund

### *Article 25 – Nature and resources of the Fund*

1. A "Fund for the Safeguarding of the Intangible Cultural Heritage", hereinafter referred to as "the Fund", is hereby established.

2. The Fund shall consist of funds-in-trust established in accordance with the Financial Regulations of UNESCO.

3. The resources of the Fund shall consist of:

   (a) contributions made by States Parties;

   (b) funds appropriated for this purpose by the General Conference of UNESCO;

   (c) contributions, gifts or bequests which may be made by:

      (i) other States;

      (ii) organizations and programmes of the United Nations system, particularly the United Nations Development Programme, as well as other international organizations;

      (iii) public or private bodies or individuals;

   (d) any interest due on the resources of the Fund;

   (e) funds raised through collections, and receipts from events organized for the benefit of the Fund;

   (f) any other resources authorized by the Fund's regulations, to be drawn up by the Committee.

4. The use of resources by the Committee shall be decided on the basis of guidelines laid down by the General Assembly.


The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# छ. अमूर्त साँस्कृतिक सम्पदा कोष

***धारा २५ : कोषको प्रकृति तथा स्रोतहरू***

१. “अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणको लागि एउटा कोष”, यसपछि “कोष” भनिएको, अब उप्रान्त स्थापित गरिन्छ।

२. कोषमा युनेस्कोको आर्थिक नियमावलीअनुसार स्थापना गरिएका विशेष कोष (फण्ड्स्-इन-ट्रष्ट) रहनेछ।

३. कोषको स्रोतहरू निम्न हुनेछ:

(क) पक्ष राज्यहरूद्वारा पुऱ्याइएका योगदानहरू;

(ख) युनेस्कोको महासम्मेलनद्वारा यस प्रयोजनका लागि विनियोजित कोषहरू;

(ग) योगदानहरू, उपहारहरू वा दान बकसहरू जुन निम्नद्वारा निर्माण भएको हुन सक्नेछ:

(अ) अन्य राज्यहरू;

(आ) संयुक्त राष्ट्रसंघ प्रणालीका संगठनहरू तथा कार्यक्रमहरू, विशेषत: संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम साथै अन्य अन्तर्राष्ट्रिय संगठनहरू;

(इ) सार्वजनिक वा निजी निकायहरू वा व्यक्तिहरू;

(घ) कोषको स्रोतहरू उपर बाँकी रहेको कुनै ब्याज;

(ङ) संकलनद्वारा उठाइएको तथा कोषको हितको लागि आयोजना गरिएका कार्यक्रमहरूबाट प्राप्त कोषहरू;

(च) कोषको नियमावलीद्वारा अधिकार दिइएको कुनै अन्य स्रोतहरू भए समितिद्वारा लिइने ।

४. समितिद्वारा स्रोतहरूको प्रयोग साधारणसभाद्वारा बनाइएका मार्गनिर्देशनको आधारमा निर्णय गरिनेछ।

5. The Committee may accept contributions and other forms of assistance for general and specific purposes relating to specific projects, provided that those projects have been approved by the Committee.
6. No political, economic or other conditions which are incompatible with the objectives of this Convention may be attached to contributions made to the Fund.

***Article 26 – Contributions of States Parties to the Fund***

1. Without prejudice to any supplementary voluntary contribution, the States Parties to this Convention undertake to pay into the Fund, at least every two years, a contribution, the amount of which, in the form of a uniform percentage applicable to all States, shall be determined by the General Assembly. This decision of the General Assembly shall be taken by a majority of the States Parties present and voting which have not made the declaration referred to in paragraph 2 of this Article. In no case shall the contribution of the State Party exceed 1% of its contribution to the regular budget of UNESCO.
2. However, each State referred to in Article 32 or in Article 33 of this Convention may declare, at the time of the deposit of its instruments of ratification, acceptance, approval or accession, that it shall not be bound by the provisions of paragraph 1 of this Article.
3. A State Party to this Convention which has made the declaration referred to in paragraph 2 of this Article shall endeavour to withdraw the said declaration by notifying the Director-General of UNESCO. However, the withdrawal of the declaration shall not take effect in regard to the contribution due by the State until the date on which the subsequent session of the General Assembly opens.
4. In order to enable the Committee to plan its operations effectively, the contributions of States Parties to this Convention which have made the declaration referred to in paragraph 2 of this Article shall be paid on a regular basis, at least every two years, and should be as close as possible to the contributions they would have owed if they had been bound by the provisions of paragraph 1 of this Article.

५. समितिले निर्दिष्ट परियोजनाहरूसँग सम्बन्धित सामान्य वा विशेष उद्देश्यको लागि योगदानहरू र अन्य प्रकारका सहायताहरू, समितिद्वारा स्वीकृत परियोजनाहरूको लागि मात्र स्वीकार गर्न सक्नेछ।

६. यस महासन्धिका उद्देश्यहरूसँग असंगत हुने कुनै पनि राजनीतिक, आर्थिक अथवा अरु शर्तहरू कोषमा दिइएको योगदानसँग संलग्न हुन पाउने छैन।

### *धारा २६ : कोषका लागि पक्ष राज्यहरूको योगदान*

१. कुनै पूरक स्वेच्छिक योगदानमा पूर्वाग्रह नराखी, यो महासन्धिको पक्ष राज्यहरूले कोषमा तिर्नुपर्ने दायित्व वहन गर्नेछन्, कम्तीमा हरेक दुई वर्षमा, एउटा योगदान, जसको रकम, एकै प्रकारको प्रतिशतको रुपमा सबै राष्ट्रहरूमा लागू हुने गरी साधारणसभाद्वारा निश्चित गरिनेछ। साधारणसभाको यो निर्णय उपस्थित पक्ष राज्यहरूको बहुमत तथा मतदान जसले यस धाराको अनुच्छेद् २ मा सम्प्रेषण गरिएको घोषणा गरेका छैनन् त्यसद्वारा लिइनेछ। कुनै पनि विषयमा पक्ष राज्यको योगदान यसद्वारा युनेस्कोको नियमित बजेटमा दिइने योगदानको एक प्रतिशतभन्दा बढी हुन पाउने छैन।

२. जे भए पनि, यस महासन्धिको धारा ३२ वा धारा ३३ मा उल्लिखित हरेक राज्यले, यस धाराको अनुच्छेद् १ को व्यवस्थाद्वारा बन्धनकारी हुने छैन भनेर, महासन्धिको अनुमोदन, सकार, स्वीकृति वा सम्मिलित गराउने दस्तावेज पेश गर्ने बेलामा, घोषणा गर्न सक्नेछ।

३. यस धाराको अनुच्छेद् २ मा उल्लिखित घोषणा गरेको यस महासन्धिको पक्ष राज्यले युनेस्कोको महानिर्देशकलाई सूचना दिई उल्लिखित घोषणा फिर्ता लिने प्रयत्न गर्न सक्नेछ। जे भए पनि, यो घोषणा फिर्ताले साधारणसभाको आगामी अधिवेशन शुरु नभएको मितिसम्म राज्यद्वारा वहन गर्न बाँकी योगदानको सम्बन्धमा असर पार्ने छैन।

४. समितिको कार्यान्वयन पक्षलाई प्रभावकारी ढंगले सुनियोजित गर्न समितिलाई सक्षम बनाउन, यस महासन्धिको पक्ष राज्यहरू जसले यस धाराको अनुच्छेद् २ मा उल्लिखित घोषणा गरेका छन्, तिनीहरूको योगदान नियमित आधारमा, कम्तीमा हरेक दुई वर्षमा, बुझाउनु पर्नेछ र त्यो यदि यस धाराको अनुच्छेद् १ का व्यवस्थाहरूद्वारा पक्ष राज्यहरू अनुबन्धित भई सकेको भए तिनीहरूले वहन गर्न बाँकी रहने योगदानसँग सन्निकट हुनु पर्नेछ।

5. Any State Party to this Convention which is in arrears with the payment of its compulsory or voluntary contribution for the current year and the calendar year immediately preceding it shall not be eligible as a Member of the Committee; this provision shall not apply to the first election. The term of office of any such State which is already a Member of the Committee shall come to an end at the time of the elections provided for in Article 6 of this Convention.

### *Article 27 – Voluntary supplementary contributions to the Fund*

States Parties wishing to provide voluntary contributions in addition to those foreseen under Article 26 shall inform the Committee, as soon as possible, so as to enable it to plan its operations accordingly.

### *Article 28 – International fund-raising campaigns*

The States Parties shall, insofar as is possible, lend their support to international fund-raising campaigns organized for the benefit of the Fund under the auspices of UNESCO.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

५. यस महासन्धिको कुनै पक्ष राज्य चालू वर्ष र त्यसको लगत्तै पूर्वको संवत्सरको लागि अनिवार्य वा स्वेच्छिक योगदान पुऱ्याउनु पर्ने बाँकी वक्यौताको दायरामा छ भने यस समितिको सदस्यको रुपमा योग्य हुने छैन; प्रथम निर्वाचनको लागि यो व्यवस्था लागू हुने छैन। यस समितिको सदस्य भैसकेका कुनै त्यस्तो राज्यको कार्यकाल यस महासन्धिको धारा ६ मा व्यवस्था गरिएको निर्वाचनको समयमा अन्त हुनेछ।

### *धारा २७ : कोषमा स्वेच्छिक पूरक योगदान*

धारा २६ अन्तर्गत अनुमानित योगदानहरूको अतिरिक्त थप स्वेच्छिक योगदानहरू पुऱ्याउन चाहने पक्ष राज्यहरूले, समितिको कार्यहरू तदनुरुप योजनाबद्ध बनाउनको लागि, यथासम्भव छिटो समितिलाई सूचना गर्नेछन्।

### *धारा २८ : अन्तर्राष्ट्रिय कोष अभिवृद्धि अभियान*

युनेस्कोको तत्वावधान अन्तर्गत कोषको हितको लागि आयोजना गरिएका अन्तर्राष्ट्रिय कोष अभिवृद्धि अभियानहरूमा, पक्ष राज्यहरूले, सम्भव भएसम्म, तिनीहरूको समर्थन दिनेछन्।

# VII. Reports

### *Article 29 – Reports by the States Parties*

The States Parties shall submit to the Committee, observing the forms and periodicity to be defined by the Committee, reports on the legislative, regulatory and other measures taken for the implementation of this Convention.

### *Article 30 – Reports by the Committee*

1. On the basis of its activities and the reports by States Parties referred to in Article 29, the Committee shall submit a report to the General Assembly at each of its sessions.
2. The report shall be brought to the attention of the General Conference of UNESCO.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# सात. प्रतिवेदनहरू

### *धारा २९ : पक्ष राज्यहरूका प्रतिवेदनहरू*

समितिद्वारा परिभाषित गरिएका विषय तथा आवधिकताको अवलोकन गरी महासन्धिको कार्यान्वयनका लागि अवलम्बन गरिएका व्यवस्थापकीय, नियमन तथा अन्य उपायहरूको बारेमा पक्ष राज्यहरूले समितिसमक्ष प्रतिवेदनहरू पेश गर्नु पर्नेछ।

### *धारा ३० : समितिका प्रतिवेदनहरू*

१. समितिको क्रियाकलापहरू तथा धारा २९ मा पक्ष राज्यद्वारा सम्प्रेषण गरिएका प्रतिवेदनहरूको आधारमा, समितिले एउटा प्रतिवेदन साधारणसभाको प्रत्येक अधिवेशनमा पेश गर्नेछ ।

२. यस प्रतिवेदनलाई युनेस्कोको साधारण सम्मेलनको ध्यानाकर्षणमा ल्याइनेछ ।

# VIII. Transitional clause

***Article 31 – Relationship to the Proclamation of Masterpieces of the Oral and Intangible Heritage of Humanity***

1. The Committee shall incorporate in the Representative List of the Intangible Cultural Heritage of Humanity the items proclaimed "Masterpieces of the Oral and Intangible Heritage of Humanity" before the entry into force of this Convention.

2. The incorporation of these items in the Representative List of the Intangible Cultural Heritage of Humanity shall in no way prejudge the criteria for future inscriptions decided upon in accordance with Article 16, paragraph 2.

3. No further Proclamation will be made after the entry into force of this Convention.


The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# आठ. संक्रमणकालीन व्यवस्था

***धारा ३१ : मानवताको मौखिक एवं अमूर्त सम्पदाको उत्कृष्टतम् रचनाहरू घोषणासँगको सम्बन्ध***

१. यो महासन्धि कार्यान्वयनमा प्रवेश हुनु अगावै समितिले मानवताको अमूर्त साँस्कृतिक सम्पदाको प्रतिनिधिमूलक सूचीमा “मानवताको मौखिक एवं अमूर्त सम्पदाको उत्कृष्टतम् रचनाहरू” भनेर घोषणा गरिएका विषयहरूलाई समायोजन गर्नेछ ।

२. मानवताको अमूर्त साँस्कृतिक सम्पदाको प्रतिनिधिमूलक सूचीअन्तर्गत त्यस्ता विषयवस्तुहरूको समायोजनले धारा १६ अनुच्छेद् २ अनुसार निर्णय गरिने भावी सूचीकरणको आधारहरूलाई कुनै तरिकाले पूर्वाग्रही गर्न पाउने छैन ।

३. यो महासन्धि कार्यान्वयनमा प्रवेश गरे पश्चात् कुनै थप घोषणाहरू गरिने छैन।

# IX. Final clauses

### *Article 32 – Ratification, acceptance or approval*

1. This Convention shall be subject to ratification, acceptance or approval by States Members of UNESCO in accordance with their respective constitutional procedures.
2. The instruments of ratification, acceptance or approval shall be deposited with the Director-General of UNESCO.

### *Article 33 – Accession*

1. This Convention shall be open to accession by all States not Members of UNESCO that are invited by the General Conference of UNESCO to accede to it.
2. This Convention shall also be open to accession by territories which enjoy full internal self-government recognized as such by the United Nations, but have not attained full independence in accordance with General Assembly resolution 1514 (XV), and which have competence over the matters governed by this Convention, including the competence to enter into treaties in respect of such matters.
3. The instrument of accession shall be deposited with the Director-General of UNESCO.

### *Article 34 – Entry into force*

This Convention shall enter into force three months after the date of the deposit of the thirtieth instrument of ratification, acceptance, approval or accession, but only with respect to those States that have deposited their respective instruments of ratification, acceptance, approval, or accession on or before that date. It shall enter into force with respect to any other State Party three months after the deposit of its instrument of ratification, acceptance, approval or accession.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

# नौ. अन्तिम व्यवस्थाहरू

### *धारा ३२ : अनुमोदन, सकार वा स्वीकृति*

१. यो महासन्धि युनेस्कोका सदस्य राज्यहरूको आफ्नो संवैधानिक कार्यविधिअनुसार अनुमोदन, सकार वा स्वीकृतिको विषय हुनेछ ।

२. अनुमोदन, सकार वा स्वीकृतिका लिखतहरू युनेस्कोको महानिर्देशकसँग निक्षेपित गरिनेछ ।

### *धारा ३३ : सम्मिलित*

१. युनेस्कोको साधारण सम्मेलनद्वारा आमन्त्रण गरिएका युनेस्कोका सदस्य नभएका सबै राज्यहरूलाई यो महासन्धिमा सम्मिलित हुन, प्रवेश खुल्ला रहनेछ ।

२. यो महासन्धि ती क्षेत्रहरूको लागि पनि प्रवेशका लागि खुल्ला हुनेछ जसले संयुक्त राष्ट्रसंघद्वारा मान्यता प्राप्त पूर्ण आन्तरिक स्व-सरकार उपभोग गरेका छन् तर साधारणसभाको प्रस्ताव १५१४ (१५) अनुसार पूर्ण स्वाधीनता प्राप्त गरेका छैनन् र जससँग यस महासन्धिद्वारा नियमन हुने विषय उपर सक्षमता छ, साथसाथै त्यस्ता विषयहरूको सन्दर्भमा सन्धिहरूमा प्रवेश गर्ने सक्षमता समेत छ ।

३. प्रवेशका लिखतहरू युनेस्कोको महानिर्देशकसँग निक्षेपित हुनेछन् ।

### *धारा ३४ : कार्यान्वयन*

यो महासन्धि अनुमोदन, सकार, स्वीकृति वा प्रवेशको तीसौँ लिखतहरूको निक्षेप भएको मितिको तीन महिना पश्चात् कार्यान्वयनमा प्रवेश गर्नेछ, तर केवल ती राज्यहरूको सन्दर्भमा मात्र हुनेछ जसले तिनीहरूका तदनुसारका अनुमोदन, सकार, स्वीकृति वा प्रवेशका लिखतहरू निक्षेप त्यस मितिमा वा सोभन्दा अगाडिको मितिमा गरेका छन् । अन्य कुनै पक्ष राज्यहरूको सन्दर्भमा यसको अनुमोदन, सकार, स्वीकृति वा प्रवेशका लिखत निक्षेप भएको तीन महिनापछि यो महासन्धि कार्यान्वयनमा प्रवेश गर्नेछ।

***Article 35 – Federal or non-unitary constitutional systems***

The following provisions shall apply to States Parties which have a federal or non-unitary constitutional system:

(a) with regard to the provisions of this Convention, the implementation of which comes under the legal jurisdiction of the federal or central legislative power, the obligations of the federal or central government shall be the same as for those States Parties which are not federal States;

(b) with regard to the provisions of this Convention, the implementation of which comes under the jurisdiction of individual constituent States, countries, provinces or cantons which are not obliged by the constitutional system of the federation to take legislative measures, the federal government shall inform the competent authorities of such States, countries, provinces or cantons of the said provisions, with its recommendation for their adoption.

***Article 36 – Denunciation***

1. Each State Party may denounce this Convention.

2. The denunciation shall be notified by an instrument in writing, deposited with the Director-General of UNESCO.

3. The denunciation shall take effect twelve months after the receipt of the instrument of denunciation. It shall in no way affect the financial obligations of the denouncing State Party until the date on which the withdrawal takes effect.

***Article 37 – Depositary functions***

The Director-General of UNESCO, as the Depositary of this Convention, shall inform the States Members of the Organization, the States not Members of the Organization referred to in Article 33, as well as the United Nations, of the deposit of all the instruments of ratification, acceptance, approval or accession provided for in Articles 32 and 33, and of the denunciations provided for in Article 36.

### *धारा ३५ : संघीय वा गैरएकात्मक संवैधानिक प्रणालीहरू*

संघीय वा गैरएकात्मक संवैधानिक प्रणाली भएका पक्ष राज्यहरू उपर निम्न व्यवस्थाहरू लागू हुनेछः

(क) यस महासन्धिको व्यवस्थाहरूको सन्दर्भमा, जसको कार्यान्वयन संघीय वा केन्द्रीय विधायिकी शक्तिको कानूनी क्षेत्राधिकारभित्र आउँदछ, संघीय वा केन्द्रीय सरकारको दायित्वहरू ती पक्ष राज्यहरूको जस्तै हुनेछ जो संघीय राज्य होइनन्;

(ख) यस महासन्धिको व्यवस्थाहरूको सन्दर्भमा, जसको कार्यान्वयन एक स्वायत्त राज्य, देश, प्रान्त वा क्यान्टोनहरूको क्षेत्राधिकारभित्र आउँदछ, जो महासंघको संवैधानिक प्रणालीद्वारा विधायिकी उपायहरू अवलम्बन गर्न बाध्य छैनन्, संघीय सरकारले त्यस्ता राज्यहरू, देशहरू, प्रान्तहरू वा क्यान्टोनहरूका सक्षम निकायहरूलाई उल्लिखित व्यवस्थाहरू, यसको सिफारिशका साथ अङ्गीकार गर्नका लागि सूचना गर्नेछ ।

### *धारा ३६ : परित्याग*

१. हरेक पक्ष राज्यले यस महासन्धिलाई परित्याग गर्न सक्नेछ ।

२. युनेस्कोको महानिर्देशकसमक्ष लिखित साधनहरू पेश गरी परित्यागको सूचना गरिनेछ।

३. परित्याग पत्र प्राप्त भएको बाह्र महिनापछि परित्याग लागू हुनेछ । जुन मितिसम्म परित्याग प्रभावकारी हुँदैन तबसम्म परित्याग गर्ने पक्ष राज्यको आर्थिक अभिभारामा यसले कुनै किसिमको असर पार्ने छैन ।

### *धारा ३७ : निक्षेपण कार्यहरू*

युनेस्कोको महानिर्देशकले, यस महासन्धिको निक्षेपकको रुपमा, संघका सदस्य राज्यहरू, धारा ३३ मा सम्प्रेषण गरिएका संघका सदस्य नभएका राज्यहरू, साथसाथै संयुक्त राष्ट्रसंघलाई, धारा ३२ र ३३ मा उपलब्ध गरिएको अनुमोदन, स्वीकृति, सकार वा प्रवेशका सबै संयन्त्रहरूको निक्षेप तथा धारा ३६ मा उपलब्ध गरिएको परित्यागको सूचना गर्नेछ ।

### *Article 38 – Amendments*

1. A State Party may, by written communication addressed to the Director-General, propose amendments to this Convention. The Director-General shall circulate such communication to all States Parties. If, within six months from the date of the circulation of the communication, not less than one half of the States Parties reply favourably to the request, the Director-General shall present such proposal to the next session of the General Assembly for discussion and possible adoption.

2. Amendments shall be adopted by a two-thirds majority of States Parties present and voting.

3. Once adopted, amendments to this Convention shall be submitted for ratification, acceptance, approval or accession to the States Parties.

4. Amendments shall enter into force, but solely with respect to the States Parties that have ratified, accepted, approved or acceded to them, three months after the deposit of the instruments referred to in paragraph 3 of this Article by two-thirds of the States Parties. Thereafter, for each State Party that ratifies, accepts, approves or accedes to an amendment, the said amendment shall enter into force three months after the date of deposit by that State Party of its instrument of ratification, acceptance, approval or accession.

5. The procedure set out in paragraphs 3 and 4 shall not apply to amendments to Article 5 concerning the number of States Members of the Committee. These amendments shall enter into force at the time they are adopted.

6. A State which becomes a Party to this Convention after the entry into force of amendments in conformity with paragraph 4 of this Article shall, failing an expression of different intention, be considered:

   (a) as a Party to this Convention as so amended; and

   (b) as a Party to the unamended Convention in relation to any State Party not bound by the amendments.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

### *धारा ३८ : संशोधनहरू*

१. पक्ष राज्यले, महानिर्देशकलाई लिखित संचारद्वारा सम्बोधन गरी यो महासन्धिमा संशोधनहरू प्रस्ताव गर्न सक्नेछ। महानिर्देशकले त्यस्तो सञ्चार सबै पक्ष राज्यहरूलाई परिपत्र गर्नेछ। यदि, परिपत्र भएको मितिबाट छ महिनाभित्र कम्तीमा आधा पक्ष राज्यहरूले अनुरोधको पक्षमा जवाफ दिएमा, महानिर्देशकले त्यस्तो प्रस्ताव साधारणसभाको अर्को अधिवेशनमा छलफल वा सम्भावित अङ्गीकारका लागि प्रस्तुत गर्नेछ।

२. संशोधनहरू पक्ष राज्यहरूको दुई तिहाइ बहुमतको उपस्थिति र मतदानद्वारा अङ्गीकार हुनेछ।

३. एक पटक अङ्गीकार गरेपछि यस महासन्धिका संशोधनहरू अनुमोदन, सकार, स्वीकृति वा प्रवेशका लागि पक्ष राज्यहरूलाई बुझाइनेछ।

४. पक्ष राज्यहरूको दुई तिहाइद्वारा यस धाराको अनुच्छेद् ३ मा उल्लेख गरिएका संयन्त्रहरू निक्षेप भएको तीन महिना पश्चात्, जुन पक्ष राज्यहरूले संशोधनलाई अनुमोदन, सकार, स्वीकृति वा प्रवेश प्रदान गरेका छन्, केवल तिनको सन्दर्भमा मात्र त्यस्ता संशोधनहरू लागू हुनेछन्। तत्पश्चात् हरेक पक्ष राज्यका लागि जसले संशोधनको अनुमोदन, सकार, स्वीकृति वा प्रवेश प्रदान गर्दछ, उल्लिखित संशोधन पक्ष राज्यद्वारा सोको अनुमोदन, सकार, स्वीकृति वा प्रवेशका संयन्त्रहरू निक्षेप भएको मितिले तीन महिना पश्चात् लागू हुनेछ।

५. अनुच्छेद् ३ र ४ हरूमा निर्धारण गरिएको प्रक्रिया धारा ५ सँग सम्बन्धित समितिका सदस्य राज्यहरूको संख्यासम्बन्धी संशोधनहरूमा लागू हुने छैन। यी संशोधनहरू अङ्गीकार भएको समयबाटै लागू हुनेछन्।

६. राज्य जो यस धाराको अनुच्छेद् ४ बमोजिम संशोधनहरू लागू भएपश्चात् यस महासन्धिको पक्ष हुन्छ, फरक अभिप्राय अभिव्यक्त नगरेमा, निम्न बुझिनेछ :

(क) संशोधन भएअनुरूप यस महासन्धिको एउटा पक्षको रुपमा; तथा

(ख) संशोधनहरूद्वारा बन्धनकारी नभएका कुनै राज्यको सम्बन्धमा असंशोधित महासन्धिको एउटा पक्षको रुपमा।

***Article 39 – Authoritative texts***

This Convention has been drawn up in Arabic, Chinese, English, French, Russian and Spanish, the six texts being equally authoritative.

***Article 40 – Registration***

In conformity with Article 102 of the Charter of the United Nations, this Convention shall be registered with the Secretariat of the United Nations at the request of the Director-General of UNESCO.



The original document is in English. In the event of any ambiguity between the English & Nepali versions, the English version shall prevail.

### *धारा ३९ : आधिकारिक पाठहरू*

यो महासन्धि अरेबिक, चीनियाँ, अंग्रेजी, फ्रान्सेली, रुसी तथा स्पेनिस गरी छ पाठहरूमा बराबरी आधिकारिक हुने गरी लेखिएको छ ।

### *धारा ४० : दर्ता*

यो महासन्धि संयुक्त राष्ट्रसंघको बडापत्रको धारा १०३ बमोजिम युनेस्कोको महानिर्देशकको अनुरोधमा संयुक्त राष्ट्रसंघको सचिवालयमा दर्ता हुनेछ ।

United Nations
Educational, Scientific and
Cultural Organization

Kathmandu Office

Jawalakhel, Lalitpur
P.O.Box 14391
Tel : (977-1)-5554396, 5554769
Fax : (977-1)-5554450
Email : kathmandu@unesco.org
Website : unesco.org/kathmandu